जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०४ | २०८३ साल असार ०६ गते शनिवार | Saturday-20-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## विद्यालय बन्द हुनु नेतृत्वको असफलता हो : युवा नेता उमेश दुबे

***शु. आ. सम्बाददाता***
***बारा, ०५ असार***

स्थानीय तहकै कारण विद्यालयमा तालाबन्दी हुनु वा स्पष्ट कारणबिना विद्यालय बन्द गरिनु नेतृत्वको असफलताको संकेत भएको युवा नेता उमेश दुबेले बताएका छन् । फेटा गाउँपालिका वडा नं. ४, बतरा टोलस्थित श्री अन्चित माध्यमिक विद्यालयका प्रधानाध्यापक पन्नालाल बैठाले सूचना जारी गर्दै विद्यालय बन्द रहेको जानकारी दिएपछि दुबेले यस्तो प्रतिक्रिया दिएका हुन् ।

दुबेका अनुसार स्थानीय निकायले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको भविष्यसँग खेलवाड हुने गरी पटक-पटक गल्ती गर्दै आएको छ । उनले यस दैनिकसँग कुरा गर्दै विद्यालयमा देखिएका विभिन्न समस्याबारे पटक-पटक फेटा गाउँपालिकाका अध्यक्ष रूस्तम अन्सारीलाई जानकारी गराउँदा पनि आवश्यक चासो नदिइएको आरोप लगाए । उनले निम्न माध्यमिक तहका शिक्षकलाई माध्यमिक विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी दिनु, विद्यालयमा आधारभूत सुविधासमेत नहुनु तथा पटक-पटक गुनासो गर्दा पनि स्थानीय तहले बेवास्ता गर्नु विद्यार्थीहरूको भविष्यप्रति गम्भीर लापरवाही भएको बताए । "विद्यालय कुनै राजनीतिक अखडा होइन, यो राष्ट्रका भावी कर्णधारहरूले शिक्षा आर्जन गर्ने ज्ञानको मन्दिर हो । तर विद्यालयलाई राजनीतिक प्रभाव र स्वार्थको केन्द्र बनाइएको देख्दा दुःख लाग्छ," दुबेले भने ।




यता एक अभिभावकले श्री अन्चित माध्यमिक विद्यालयलाई यस क्षेत्रकै पुरानो, प्रतिष्ठित र गुणस्तरीय विद्यालयका रूपमा चिनिँदै आएको स्मरण गराउँदै स्थानीय तह गठन भएपछि विद्यालयको शैक्षिक स्तर क्रमशः खस्किँदै गएको आरोप लगाए । उनका अनुसार विद्यालयमा बढ्दो राजनीतिकरणकै कारण सुधारका प्रयास प्रभावकारी हुन सकेका छैनन् । अभिभावकले विद्यालय व्यवस्थापन तथा शैक्षिक सुधारका विषयमा पटक-पटक गाउँपालिका अध्यक्षलाई जानकारी गराउँदा पनि सुनुवाइ नभएको दाबी गरे । यसले विद्यार्थी तथा अभिभावकमा असन्तुष्टि बढ्दै गएको उनको भनाइ छ ।

यस विषयमा प्रतिक्रिया लिन गाउँपालिका अध्यक्ष रूस्तम अन्सारीसँग बारम्बार सम्पर्क गर्ने प्रयास गरिए पनि सम्पर्क हुन सकेन । स्थानीय सरोकारवालाहरूले शिक्षा क्षेत्रका समस्यालाई समयमै सम्बोधन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । उनीहरूको भनाइमा विद्यालयको शैक्षिक वातावरण सुधार तथा विद्यार्थीहरूको भविष्य सुरक्षित गर्न तत्काल प्रभावकारी कदम चाल्नु आवश्यक देखिन्छ ।

## रौतहटको बागमती नदीमा सशस्त्र प्रहरीको जल उत्पन्न विपद् उद्धार अभ्यास साहस सम्पन्न

***सत्येन्द्र प्रताप सिंह***
***रौतहट , ०५ असार***

वर्षायामको सुवातसँगै हुन सक्ने बाढी तथा डुबान जस्ता प्राकृतिक प्रकोपलाई मध्यनजर गर्दै बागमती नदीमा सशस्त्र प्रहरी बलले विशेष विपद् उद्धार अभ्यास सम्पन्न गरेको छ । सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीको आयोजना तथा मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयको समन्वय र सहकार्यमा जल उत्पन्न विपद् उद्धार कृत्रिम घटना अभ्यास "साहस" सञ्चालन गरिएको हो ।




रौतहटको चन्द्रपुर नगरपालिका-१ स्थित नुनथर र सर्लाहीको बागमती नगरपालिका-११ स्थित बागमती नदीको तटीय क्षेत्रमा यो अभ्यास गरिएको थियो । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोको प्रमुख आतिथ्यतामा शुक्रबार बिहान ९:५० बजे सु भएको उक्त विशेष अभ्यास ११:०५ बजे सफलतापूर्वक समापन भएको थियो ।

वर्षायाममा तराई तथा मधेसका विभिन्न जिल्लाहरू बाढी र डुबानको उच्च जोखिममा पर्ने गरेका छन् । नदीमा अचानक बहाव बढ्दा वा बाढी आउँदा फसेका नागरिकहरूलाई कसरी सुरक्षित रूपमा उद्धार गर्ने र मानवीय क्षतिलाई कसरी न्यूनिकरण गर्ने भन्ने विषयमा केन्द्रित रहेर कृत्रिम घटनाको सिमुलेसन गरिएको थियो ।

उक्त अभ्यासमा सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण रौतहट र नं. १० गण सर्लाहीबाट खटिएका विपद् व्यवस्थापन सम्बन्धी विशेष तालिमप्राप्त सुरक्षाकर्मीहरूको टोली सहभागी थिए । तालिमप्राप्त टोलीले नदीको तीव्र बहाव र अप्ठ्यारो परिस्थितिमा फसेका नागरिकहरूलाई आधुनिक प्रविधि र उद्धार सामग्रीको प्रयोग गरी सुरक्षित किनारमा ल्याउने विभिन्न उपाय तथा सीपहरू कौशलतापूर्वक प्रदर्शन गरेका थिए ।

राज्यप्रतिको नागरिक विश्वास बलियो बन्दैः गृह मन्त्री महतो

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि एवं मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले विपद् व्यवस्थापन र नागरिकको जिउधनको रक्षाका लागि सशस्त्र प्रहरीले खेल्दै आएको भूमिकाको उच्च प्रशंसा गरे ।

सशस्त्र प्रहरी बलले सीमा सुरक्षा, आन्तरिक सुरक्षा र शान्ति सुव्यवस्था कायम गर्ने आफ्नो मूल दायित्व त निभाएको छ नै, त्योसँगै विपद्का कठिन परिस्थितिमा नागरिकको जीवन बचाउने कार्यमा सधैं अग्रपंक्तिमा रहँदै आएको छ, मन्त्री महतोले भन्ने बाढी, डुवान, पहिरो र आगलागी जस्ता संकटका बेला आफ्नो ज्यानको समेत पर्वाह नगरी उद्धार र राहतमा खटिने सशस्त्र प्रहरीका जवानहरूको साहस, समर्पण र सेवाभाव अनुकरणीय छ । यसले राज्यप्रतिको नागरिकको विश्वासलाई अझ मजबुत बनाएको छ ।

कार्यक्रममा रौतहट र सर्लाही जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकाका प्रमुख एवं उपप्रमुखहरू, सशस्त्र प्रहरी बल नेपाल

*बाँकी तेश्रो पृष्ठमा*

## बाल सुधार गृहबाट फरार दुई बालक सीमा नाकामै पक्राउ

***वीरगंज, ०५ असार***

पर्साको वीरगंज महानगरपालिका-४ स्थित बाल सुधार गृहबाट फरार भएका दुई जना बालकलाई प्रहरीले डेढ घण्टाभित्रै पक्राउ गरेको छ ।

डाका तथा चोरी मुद्दामा सजाय भुक्तान गरिरहेका ती बालकहरू शुक्रबार दिउँसो करिब १:२० बजे सुधार गृहको पूर्वतर्फ रहेको भवनको माथिल्लो तलास्थित शौचालयको भेन्टिलेसन फुटाएर भागेका थिए । सुरक्षाकर्मीको आँखा छल्दै उनीहरू सुधार गृहबाट बाहिरिन सफल भएका थिए ।




घटना थाहा पाएलगत्तै जिल्ला प्रहरी कार्यालय पर्साले विशेष टोली परिचालन गरी सीमा क्षेत्रसहित विभिन्न सम्भावित स्थानमा खोजी अभियान सुरु गरेको थियो । प्रहरीको तीव्र खोजतलासका क्रममा फरार भएको करिब डेढ घण्टापछि दुवै बालकलाई नेपाल-भारत सीमा क्षेत्रस्थित मितेरी पुल नजिकैबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार उनीहरू भारततर्फ जान खोजिरहेका बेला सीमा नाकामै पक्राउ परेका हुन् । पक्राउपछि दुवैलाई पुनः बाल सुधार गृहको नियन्त्रणमा राखिएको छ ।

घटनापछि सुधार गृहको सुरक्षा व्यवस्थामाथि समेत प्रश्न उठेको छ । शौचालयको भेन्टिलेसन फुटाएर बालकहरू सहजै बाहिरिन सफल भएपछि सुधार गृहभित्रको निगरानी र संरचनात्मक सुरक्षाबारे पुनः समीक्षा आवश्यक देखिएको स्थानीयको भनाइ छ । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

## पर्साका तत्कालीन यातायात अधिकृत कमलराज गौतम दोषी ठहर

***वीरगंज, ०५ असार***

यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) पर्साका तत्कालीन अधिकृत कमलराज गौतम भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । विशेष अदालतले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको ठहर गर्दै उनलाई १ वर्ष कैद सजायसँगै एक करोड रुपैयाँभन्दा बढी जरिवाना गर्ने फैसला सुनाएको हो ।

विशेष अदालतको निर्णयअनुसार गौतमबाट १ करोड ८ लाख रुपैयाँभन्दा बढी रकम बराबरको बिगो असुल गरिनेछ भने सोही बराबरको सम्पत्ति जफत हुने भएको छ । अदालतले उनलाई ४ लाख ३२ हजार रुपैयाँभन्दा बढी रकम पीडित राहत कोषमा जम्मा गर्न पनि आदेश दिएको छ ।




अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८२ असार ३ गते गौतमविरुद्ध गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । अनुसन्धानका क्रममा उनले आर्जन गरेको ठूलो परिमाणको सम्पत्तिको वैध स्रोत खुलाउन नसकेको आयोगको दाबी थियो ।

अदालतले पनि उनको सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको निष्कर्ष निकाल्दै भ्रष्टाचार निवारणसम्बन्धी कानुनअन्तर्गत दोषी ठहर गरेको हो । फैसलासँगै सार्वजनिक पदमा बसेर अवैध रूपमा सम्पत्ति आर्जन गर्ने प्रवृत्तिविरुद्ध राज्यका निकाय कडा रूपमा प्रस्तुत भएको सन्देश गएको कानुन व्यवसायीहरूको भनाइ छ । साथै, सरकारी सेवामा पारदर्शिता र जवाफदेहिताको आवश्यकता फेरि एकपटक उजागर भएको टिप्पणी गरिएको छ ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका**

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

# परिवर्तनको पर्खाइमा रास्वपा सरकारको अग्निपरीक्षा



*रत्नप्रसाद आचार्य*

रास्वपा नेतृत्वको सरकारलाई पाँच वर्ष काम गर्ने निर्बाध अवसर दिनु आजको आवश्यकता हो। दलगत स्वार्थभन्दा माथि उठेर राम्रा कामको प्रशंसा र गल्तीमा निडर खबरदारी गर्दै सुशासन र समृद्धिको यात्रामा देशलाई अघि बढाउनुको विकल्प छैन।

विश्वव्यापी रूपमै परम्परागत राजनीतिप्रति बढ्दो नागरिक असन्तुष्टि र युवा विद्रोहको प्रभाव नेपालमा पनि 'जेन–जी आन्दोलन' मार्फत प्रकट भएको छ। अन्तर्राष्ट्रिय मञ्चमा देखिएका स्थापित सत्ता-विरोधी लहरजस्तै नेपालमा पनि पुराना दलहरूको असफलताले नयाँ शक्तिलाई सत्ताको साँचो सुम्पेको छ। दशकौं लामो राजनीतिक अस्थिरता, भ्रष्टाचार र निराशाको जगमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार नेपाली राजनीतिमा एउटा नयाँ आशा र प्रयोग हो। यसले लोकतान्त्रिक अभ्यासमा जनादेशको सम्मान गर्दै नयाँ सरकारलाई पूर्ण परीक्षणको अवसर दिनुपर्ने यथार्थलाई औंल्याएको छ।

नेपालको राजनीतिक इतिहास परिवर्तन, संघर्ष, आन्दोलन, आशा र निराशाको लामो यात्राबाट गुज्रिरहेको छ। २०४६ सालको जनआन्दोलनपछि पुनःस्थापित बहुदलीय प्रजातन्त्रदेखि २०६२/०६३ को जनआन्दोलनको सफलता हुँदै आजसम्म आइपुग्दा नेपाली जनताले विभिन्न राजनीतिक दल र नेतृत्वलाई पटक-पटक देश सञ्चालन गर्ने अवसर दिएका छन्। तर विडम्बना, जनताको जीवनमा अपेक्षित परिवर्तन ल्याउने सवालमा राजनीतिक नेतृत्व पूर्णरूपमा सफल हुन सकेको छैन। यही कारण जनताले समय-समयमा नयाँ विकल्प खोजेका छन् र नयाँ शक्तिलाई अवसर दिएका छन्।

२०४७ सालमा संविधान जारी भएपछि प्रतिनिधिसभाको निर्वाचनमार्फत नेपाली कांग्रेस, नेकपा एमाले र राप्रपाले पालैपालो सरकारको नेतृत्व गर्ने अवसर पाए। त्यसपछिका वर्षहरूमा धेरै सरकार बने र ढले। तर २०५१ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वमा बनेको सरकारलाई नेपाली राजनीतिमा फरक प्रयोगका रूपमा स्मरण गरिन्छ। छोटो अवधिको सरकार भए पनि वृद्धभत्ता कार्यक्रम, 'आफ्नो गाउँ आफैं बनाऔं' अभियान, स्थानीय विकासका लागि बजेट विनियोजन, दुर्गम जिल्लामा सडक र विमानस्थल विस्तारजस्ता कार्यक्रमले जनतामा सकारात्मक प्रभाव पारेको थियो।

मनमोहन अधिकारी नेतृत्वको सरकारपछि शेरबहादुर देउवा, गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापालगायतका नेताहरूले सरकारको नेतृत्व गरे। सबैले देशका लागि योगदान दिने प्रयास गरे पनि राजनीतिक अस्थिरता, सत्ता संघर्ष र सरकार परिवर्तनको शृंखलाले विकासलाई अपेक्षित गति दिन सकेन। यसैबीच, २०५२ सालमा माओवादी सशस्त्र विद्रोह सुरु भयो। दशक लामो द्वन्द्वले देशलाई ठूलो क्षति पुर्‍यायो। हजारौं नेपालीले ज्यान गुमाए, लाखौं नागरिक विस्थापित भए र विकास निर्माणका कामहरू प्रभावित बने।

२०५८ सालको राजदरबार हत्याकाण्डले देशलाई झन् संकटमा धकेल्यो। राजा वीरेन्द्रसहित राजपरिवारको दुःखद् अन्त्यपछि राजनीतिक अस्थिरता थप चुलियो। वीरेन्द्रको वंश नाशपछि राजा बनेका ज्ञानेन्द्र शाहले प्रत्यक्ष शासनको बाटो रोजेपछि लोकतान्त्रिक शक्तिहरू आन्दोलनमा उत्रिए। अन्ततः २०६२/०६३ को जनआन्दोलन सफल भयो। जनताले निरंकुश राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको बाटो रोजे। माओवादी शान्ति प्रक्रियामा आयो। २०६४ सालमा संविधानसभा निर्वाचन सम्पन्न भयो। यद्यपि पहिलो संविधानसभाले संविधान जारी गर्न सकेन। दोस्रो संविधानसभा निर्वाचनपछि २०७२ सालमा नयाँ संविधान जारी भयो। संविधान जारी भएपछि देशमा संघीय शासन प्रणाली लागू भयो। स्थानीय तह, प्रदेश र संघीय सरकार गठन भए। गाउँ-गाउँसम्म सडक पुगे, विद्युत् विस्तार भयो, सञ्चार र प्रविधिको पहुँच बढ्यो। शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि सुधारका प्रयास भए। तर विकाससँगै भ्रष्टाचार, अनियमितता, राजनीतिक संरक्षण र प्रशासनिक बेथितिको समस्या पनि बढ्दै गयो।

गाउँ रित्तिँदै गए। युवाहरू वैदेशिक रोजगारीका लागि बिदेसिन बाध्य भए। खेतीयोग्य जमिन बाँझो हुन थाल्यो। कृषि उत्पादन घट्दै गयो। कर्मचारी र जनप्रतिनिधिमाथि अकुत सम्पत्ति आर्जन गरेको आरोप लाग्न थाल्यो। जनतामा व्यवस्था होइन, व्यवस्थापनप्रति असन्तुष्टि बढ्न थाल्यो। २०७४ सालपछि बनेका सरकारहरू पनि राजनीतिक स्थायित्व दिन सफल भएनन्। कम्युनिस्ट एकता र विभाजन, गठबन्धनको राजनीति र सत्ता समीकरणका खेलले जनतालाई निराश बनायो। जनताले राजनीतिक दलहरूबीच नीति र सिद्धान्तभन्दा सत्तालाई प्राथमिकता दिएको अनुभूति गर्न थाले।

२०७९ सालको निर्वाचनपछि जनताले परिवर्तन, सुशासन र आर्थिक सुधारको अपेक्षा गरेका थिए। तर निर्वाचनपछि बनेका सरकारहरूले जनअपेक्षा अनुसार परिणाम दिन नसकेको गुनासो बढ्दै गयो। महँगी, बेरोजगारी, भ्रष्टाचार र कमजोर सेवा प्रवाहका कारण नागरिकमा निराशा चुलिँदै गयो। राजनीतिक दलहरू सरकार बनाउने र ढाल्ने खेलमै केन्द्रित देखिए। यही परिस्थितिमा नयाँ पुस्ताको असन्तुष्टि सामाजिक सञ्जालमार्फत संगठित हुन थाल्यो। अन्ततः देशभर 'जेन–जी आन्दोलन'को रूपमा व्यापक जनप्रदर्शन भयो। यो आन्दोलन कुनै एक राजनीतिक दलको नेतृत्वमा थिएन। बरु पुराना राजनीतिक शक्तिप्रति जनताको असन्तुष्टि, निराशा र परिवर्तनको चाहनाको अभिव्यक्ति थियो। जेन–जी आन्दोलनका क्रममा देशका विभिन्न भागमा प्रदर्शन भए। कतिपय स्थानमा आन्दोलन उग्र बन्दै गयो। सिंहदरबार, प्रदेश सरकारका कार्यालय, प्रशासनिक संरचना तथा विभिन्न सरकारी भवनहरूमा आक्रमण र आगजनीका घटना भए। राज्यका महत्वपूर्ण संरचनाहरूमा क्षति पुग्यो। आन्दोलन नियन्त्रणमा सरकार असफल देखियो। यस क्रममा सुरक्षा निकायहरूको भूमिकामाथि समेत गम्भीर प्रश्न उठे। देशको प्रमुख प्रशासनिक केन्द्रमाथि आक्रमण हुँदा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले प्रभावकारी रूपमा प्रस्तुत हुन नसकेको आरोप लाग्यो। यसले राज्यको सुरक्षा संयन्त्रको क्षमता र तयारीमाथि बहस सुरु गरायो। जेन–जी आन्दोलनले एउटा गम्भीर प्रश्न खडा गर्‍यो- यदि आन्तरिक असन्तुष्टिको सामना गर्न राज्य संयन्त्र कमजोर देखिन्छ भने भविष्यमा बाह्य चुनौती आउँदा देशको सुरक्षा कसरी सुनिश्चित हुन्छ ?

यो केवल तत्कालीन सरकारको असफलतामात्र नभई समग्र राज्य व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ। आन्दोलनपछि तत्कालीन सरकार संकटमा पर्‍यो। जनदबाब बढ्दै गएपछि राजनीतिक समीकरण बदलियो र अन्ततः नयाँ निर्वाचनको बाटो खुल्यो। यही निर्वाचनमा जनताले परम्परागत राजनीतिक दलहरूप्रति असन्तुष्टि व्यक्त गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई ठूलो जनादेश दिए। नयाँ विकल्पप्रतिको जनविश्वास रास्वपाको विजय केवल चुनावी परिणाम मात्र थिएन। यो पुराना दलहरूप्रतिको असन्तुष्टि र परिवर्तनप्रतिको जनचाहनाको अभिव्यक्ति थियो। फागुन २१ गतेको निर्वाचनपश्चात् जनताले नयाँ अनुहार, नयाँ सोच र नयाँ राजनीतिक संस्कृतिको अपेक्षा गरेका छन्।

रास्वपा नेतृत्वमा सरकार गठन भएपछि जनताको अपेक्षा स्वाभाविक रूपमा उच्च छ। तर दशकौंदेखि थुप्रिएका समस्याहरू केही महिना वा एक वर्षमै समाधान हुन सक्दैनन्। प्रशासनिक संरचना, आर्थिक चुनौती, बेरोजगारी, कृषि संकट, शिक्षा र स्वास्थ्यका समस्या समाधान गर्न समय लाग्छ। यही कारणले लोकतन्त्रमा कुनै पनि सरकारलाई काम गर्ने पर्याप्त अवसर दिनुपर्छ। सरकार गठन भएको केही समयमै सफल वा असफल भनेर निष्कर्ष निकाल्नु उचित हुँदैन। जनताले पाँच वर्षका लागि जनादेश दिएका छन् भने सरकारलाई कम्तीमा आफ्नो नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने अवसर दिनुपर्छ ।यसको अर्थ सरकारका कमजोरीमाथि प्रश्न उठाउन नहुने भन्ने होइन।

लोकतन्त्रमा खबरदारी अनिवार्य हुन्छ। प्रतिपक्षको भूमिका सरकारलाई नियन्त्रण र सन्तुलनमा राख्नु हो। तर विरोध केवल विरोधका लागि हुनु हुँदैन। सरकारले राम्रो काम गर्दा समर्थन र गलत काम गर्दा आलोचना गर्ने राजनीतिक संस्कृतिको विकास हुनुपर्छ। अब कांग्रेस, एमाले, नेकपा र राप्रपाजस्ता अनुभवी दलहरूले पनि आत्मसमीक्षा गर्नुपर्ने बेला आएको छ। जनताले किन नयाँ शक्तिलाई रोजे ? किन पुराना दलहरूबाट विश्वास गुमाए ? यसको

जवाफ खोज्न उनीहरू जनताको घरदैलोमा पुग्नुपर्छ।

रास्वपा नेतृत्वको सरकारले पनि विगतका दलहरूको गल्ती दोहोर्‍याउनु हुँदैन। बहुमतको दम्भ देखाउने, आलोचना सहन नसक्ने, कानुनभन्दा माथि आफूलाई ठान्ने वा राजनीतिक प्रतिशोधको बाटो अपनाउने गल्ती गरियो भने जनताको विश्वास चाँडै गुम्न सक्छ। सरकारका केही मन्त्री र नेतृत्व तहबाट आएका विवादास्पद अभिव्यक्तिले जनतामा प्रश्न उठाएको छ। गलत अभिव्यक्ति तत्काल सच्याइनु पर्दछ। उच्च पदस्थ व्यक्तिहरूका अभिव्यक्तिले राज्यको छवि निर्माण गर्ने भएकाले उनीहरू सधैं सचेत र सतर्क बन्नुपर्छ। त्यसैले उनीहरूले संयमित, जिम्मेवार र परिपक्व व्यवहार देखाउनुपर्छ। कानुनको शासन स्थापित गर्न सरकार आफैं उदाहरण बन्नुपर्छ। कानुन सबैका लागि बराबर लागू भयो भने मात्र सुशासन सम्भव हुन्छ। प्रधानमन्त्रीदेखि सामान्य नागरिकसम्म सबैले कानुनको सम्मान गर्नुपर्छ।

आजको आवश्यकता सरकार ढाल्ने वा असफल बनाउने अभियान होइन, परिणाममुखी राजनीति हो। जनताले रास्वपालाई अवसर दिएका छन् भने त्यो अवसरको परीक्षण पनि हुनुपर्छ। कम्तीमा पाँच वर्ष सरकारलाई काम गर्न दिऔं। राम्रो काम गरे समर्थन गरौं। गलत काम गरे रचनात्मक दबाब सिर्जना गरौं। यदि रास्वपा नेतृत्वको सरकारले सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, उत्पादन वृद्धि, रोजगारी सिर्जना र जनजीविकामा सुधार गर्न सफल भयो भने जनताले पुनः विश्वास गर्नेछन्। यदि असफल भयो भने लोकतन्त्रमा अर्को निर्वाचनमार्फत जनताले नयाँ विकल्प रोज्नेछन्।

लोकतन्त्रको सुन्दर पक्ष नै यही हो- अन्तिम निर्णय जनताको हुन्छ। त्यसैले दलगत आस्थाभन्दा माथि उठेर देश र जनताको हितलाई केन्द्रमा राख्न आवश्यक छ। आफ्नो पार्टीभित्रको विकृति नदेख्ने तर अर्काको कमजोरी मात्र खोज्ने प्रवृत्तिले देशलाई अगाडि बढाउन सक्दैन। देशले विभिन्न आन्दोलन, द्वन्द्व, राजतन्त्र, गणतन्त्र, संविधानसभा र संघीयताको लामो यात्रा पार गरिसकेको छ। अब देशलाई स्थिरता, सुशासन र आर्थिक समृद्धि चाहिएको छ।

त्यसका लागि सरकार, प्रतिपक्ष, नागरिक समाज, सञ्चारमाध्यम र आम नागरिक सबैले जिम्मेवार भूमिका खेल्नुपर्छ। त्यसैले जनादेशअनुसार रास्वपा नेतृत्वको सरकारलाई पाँच वर्ष काम गर्न दिऔं। राम्रो गरे खुलेर प्रशंसा गरौं, गलत गरे निडर भएर खबरदारी गरौं। सबैले लोकतान्त्रिक जनादेशको सम्मान गरौं। देश र जनताको हितभन्दा माथि कुनै दल, नेता वा विचार कदापि हुन सक्दैन। सबैलाई चेतना भया। किनकि लोकतन्त्रको सौन्दर्य नै जनमतको सम्मान र परीक्षण हो। त्यसैले प्राप्त जनादेश अनुरूप रास्वपा नेतृत्वको सरकारलाई पाँच वर्ष काम गर्ने निर्बाध अवसर दिनु आजको आवश्यकता हो। दलगत स्वार्थभन्दा माथि उठेर राम्रा कामको प्रशंसा र गल्तीमा निडर खबरदारी गर्दै सुशासन र समृद्धिको यात्रामा देशलाई अघि बढाउनुको विकल्प छैन।

## सम्पादकीय..........

### शिक्षा सुधारको नाममा अन्यवस्था

फेटा गाउँपालिका-४ बतरा टोलस्थित श्री अन्चित माध्यमिक विद्यालय अनिश्चितकालका लागि बन्द गरिएको छ । विद्यालय प्रशासनले "वातावरण असहज भएको" कारण देखाउँदै अर्को सूचना नआएसम्मका लागि पठनपाठन स्थगित गरेको जनाएको छ ।

विद्यालयका प्रधानाध्यापक पान्नालाल बैठाद्वारा जारी सूचनामा विद्यालयभित्रको वातावरण अध्ययन-अध्यापनका लागि उपयुक्त नभएकाले बन्द गर्नुपरेको उल्लेख छ ।

यता विद्यार्थीहरुले भने विद्यालय व्यवस्थापनप्रति असन्तुष्टि व्यक्त गर्दै समस्या लामो समयदेखि समाधान नभएको आरोप लगाएका छन् । उनीहरुका अनुसार विद्यालयको व्यवस्थापन, शिक्षक जिम्मेवारी तथा पठनपाठन वातावरणसम्बन्धी विषयमा पटक-पटक फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अन्सारीलाई जानकारी गराइए पनि कुनै ठोस पहल नभएको दाबी गरिएको छ ।

विद्यार्थीहरुको भनाइअनुसार गर्मीको समयमा पठनपाठन कठिन हुनु, साथै निमावि शिक्षकलाई मावि तहको जिम्मेवारी दिइनुजस्ता विषयले विद्यालयभित्र असन्तोष बढाएको हो ।

त्यसैगरी केही विद्यार्थीहरुले विद्यालय प्रशासन र गाउँपालिका नेतृत्वमाथि शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न नसकेको आरोप समेत लगाएका छन् । उनीहरुको दाबीअनुसार खाजा व्यवस्थापनदेखि अन्य आन्तरिक व्यवस्थापनमा समेत अनियमितता भएको विषय उठ्दै आएको छ । यसैबीच, विवाद चर्किएपछि विद्यालयका प्रधानाध्यापकले औपचारिक सूचना जारी गर्दै वातावरण सामान्य नभएसम्म विद्यालय बन्द रहने जानकारी दिएका छन् ।

स्थानीय अभिभावकहरुले भने विद्यालय बन्द हुनु दुःखद भएको प्रतिक्रिया दिँदै तत्काल समस्या समाधान गरी पठनपाठन पुनः सञ्चालन गर्नुपर्ने माग गरेका छन् । उनीहरुले शिक्षा क्षेत्रको सुधारका लागि स्थानीय तहले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन् ।

**करैयामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**करैयामाई गाउँपालिकाको कार्यालय, करैया, बारा**

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अमेरिकी उपराष्ट्रपति भान्सको स्विस भ्रमण स्थगित


***एजेन्सी-*** अमेरिका र इरानबीच हालै भएको सम्झौतापछि अगाडि बढाइने कूटनीतिक प्रक्रियाबारे अनिश्चितता बढिरहेका बेला अमेरिकी उपराष्ट्रपति जेडी भान्सले शुक्रबारका लागि तय गरिएको स्विट्जरल्याण्ड भ्रमण स्थगित गरेका छन् ।

मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यले भएको सम्झौतापछि दुवै पक्षबीच थप वार्ताको तयारी भइरहे पनि निर्धारित उच्चस्तरीय भेटवार्ता तत्काल नहुने संकेत देखिएको छ ।

ह्वाइट हाउसका अनुसार अमेरिका र इरानबीचको आगामी चरणका छलफलका लागि आवश्यक प्राविधिक तयारी जारी रहे पनि उपराष्ट्रपति भान्स शुक्रबार राति स्विट्जरल्याण्ड प्रस्थान नगर्ने निर्णय गरिएको हो । ह्वाइट हाउसका प्रवक्ताले अमेरिका-इरान वार्ताको प्रक्रिया जटिल र अप्रत्याशित रहने गरेको उल्लेख गर्दै प्राविधिक तहका वार्ता सकेसम्म छिट्टै सुरु गर्ने तयारी भइरहेको बताए।

यसैबीच, इरानमा तस्निम समाचार एजेन्सीले पनि इरानी प्रतिनिधिमण्डलको स्विट्जरल्याण्ड भ्रमणबारे कुनै औपचारिक पुष्टि नभएको जनाएको छ । यसले दुवै पक्षबीच सम्झौता कार्यान्वयनको प्रक्रिया अघि बढे पनि त्यसको स्वरूप र समयतालिका अझै स्पष्ट नभएको देखाएको छ ।

सम्झौतापछि सार्वजनिक गरिएको वक्तव्यमा इरानका सर्वोच्च नेता अयातुल्ला मोजताबा खमेनीले आफ्ना केही फरक धारणा रहे पनि राष्ट्रहितलाई ध्यानमा राख्दै सम्झौतालाई अनुमोदन गरेको बताए




। उनले इरानी जनताको अधिकार र राष्ट्रिय हितको संरक्षण गर्ने प्रतिबद्धताका आधारमा सम्झौतालाई समर्थन गरिएको उल्लेख गर्दै भविष्यमा अमेरिकासँग प्रत्यक्ष वार्ता हुन सक्ने तर त्यसले इरानका मूलभूत अडानमा परिवर्तन नल्याउने स्पष्ट पारे । उता, इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले सम्झौताको कुनै पनि उल्लङ्घन वा दबाबको प्रयास भए त्यसको कडा जवाफ दिइने चेतावनी दिए । उनले सामाजिक सञ्जालमार्फत अर्को पक्षबाट हुने कुनै पनि दुर्व्यवहार वा प्रतिबद्धता उल्लङ्घनलाई इरानले सहन नसक्ने बताए।

सम्झौतापछि अमेरिकी सेनाले इरानी बन्दरगाहहरूमा लगाइएको नौसैनिक नाकाबन्दी हटाएको जनाएको छ । अमेरिकी युद्धपोतहरू भने क्षेत्रमै रहने बताइएको छ। द्वन्द्वका क्रममा प्रभावित भएको हर्मुज जलघाँटीमा पनि बिस्तारै गतिविधि पुनः सुरु हुन थालेको संकेत देखिएको छ । समुद्री ट्र्याकरका अनुसार केही साउदी तेल ट्याङ्कर तथा तरल प्राकृतिक ग्यास बोकेको फ्रान्सेली जहाज जलघाँटी पार गरिसकेका छन् । इरानी राज्य सञ्चारमाध्यमका अनुसार सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को निर्देशनअनुसार अब हर्मुज जलघाँटी प्रयोग गर्न चाहने जहाजहरूले त्यसका लागि तोकिएको सरकारी निकायमा अनुमति आवेदन दिनुपर्नेछ । सम्झौताअनुसार ६० दिनको अवधिभर त्यस्ता आवेदनबाट कुनै शुल्क नलिइने पनि जनाइएको छ ।

यो सम्झौताले अमेरिका, इजरायल र इरानबीचको हालको द्वन्द्व अन्त्य गर्ने अपेक्षा गरिएको छ। सम्झौताअन्तर्गत वासिङ्टनले इरानमाथि लगाइएका तेलसम्बन्धी प्रतिबन्ध तत्काल हटाउने प्रतिबद्धता जनाएको बताइएको छ । साथै इरानको आणविक कार्यक्रमबारे अन्तिम सहमति भएपछि क्षेत्रीय राष्ट्रहरूको सहकार्यमा तीन खर्ब अमेरिकी डलर बराबरको पुनर्निर्माण कोष परिचालन गर्न सहयोग गरिने उल्लेख गरिएको छ ।

यद्यपि, युद्ध अन्त्य र शान्ति प्रक्रियाको स्थायित्वप्रति भने अझै आशंका कायमै छ । तेहरानकी ५४ वर्षीया मनोवैज्ञानिक मिनाले यो स्थायी सम्झौता हुनेमा आफू विश्वस्त नरहेको बताउँदै ६० दिनपछि फेरि द्वन्द्व सुरु हुन सक्ने चिन्ता व्यक्त गरे। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि युद्ध पूर्ण रूपमा समाप्त भएकोमा आफू विश्वस्त नभएको प्रतिक्रिया दिए ।

अमेरिकाभित्र पनि सम्झौताबारे मतभेद देखिएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयप्रति केही रिपब्लिकन नेताहरूले असन्तुष्टि जनाएका छन् । रिपब्लिकन सिनेटर बिल क्यासिडीले यसलाई दशकौँयताकै सबैभन्दा खराब विदेश नीति निर्णयको संज्ञा दिए । तर ट्रम्पले भने थप सैन्य दबाबले हर्मुज जलघाँटी बन्द हुन सक्ने, विश्वव्यापी ऊर्जा आपूर्ति प्रभावित हुने र आर्थिक मन्दी निम्तिन सक्ने तर्क गर्दै कूटनीतिक समाधान नै उचित विकल्प भएको बताए ।

इरानभित्रका केही कट्टरपन्थी समूहहरूले पनि सम्झौताप्रति असन्तुष्टि जनाएका छन् । उनीहरूले युद्धलाई बाह्य रूपमा थोपारिएको सङ्घर्षका रूपमा व्याख्या गरेका छन् । यद्यपि राष्ट्रपति मसुद पेजेस्कियानले भने सम्झौताले नयाँ अवसर सिर्जना गरेको भन्दै यसलाई ऐतिहासिक उपलब्धिका रूपमा वर्णन गरेका छन् । यसरी, सम्झौतापछि युद्धविराम कायम रहे पनि आगामी ६० दिन अमेरिका-इरान सम्बन्ध र क्षेत्रीय स्थायित्वका लागि निर्णायक अवधिका रूपमा हेरिएको छ ।

## बागमती............

नं. २ छिन्नमस्ता बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णु प्रसाद भट्ट, दुवै जिल्लाका सुरक्षा निकायका प्रमुखहरू, स्थानीय जनप्रतिनिधि, सञ्चारकर्मी तथा स्थानीय भद्रभलाद्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

सशस्त्र प्रहरी बल रौतहटले सीमा क्षेत्रमा हुने अवैध तस्करी नियन्त्रण अभियान अन्तर्गत शुक्रबार ठुलो परिमाणमा अवैध कुखुरा बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल बीओपी रामपुरखापबाट खटिएको टोलीले भारतबाट अवैध रूपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा झण्डै ४५ हजार पैयाँ बराबरको प्रतिबन्धित ब्रोइलर कुखुरा बरामद गरेको हो ।

बरामद गरिएका उक्त अवैध ब्रोइलर कुखुराहरूलाई स्थानीय जनप्रतिनिधि, पशु क्वारेन्टाइनका प्रतिनिधि र सञ्चारकर्मीहरूको रोहबरमा नियमानुसार नष्ट गरिएको सशस्त्र प्रहरीले जनाए । सीमा क्षेत्रमा हुने यस्ता गैरकानुनी गतिविधि र तस्करी नियन्त्रणका लागि निगरानी तथा गस्ती थप कडा पारिएको सुरक्षा निकायले उल्लेख गरे ।

विश्रामपुर गाउँपालिका
विश्रामपुर, बारा

जनहितका लागि जारी गरिएको सन्देश

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईँसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

सुवर्ण गाउँपालिका, कवहीगोठ, बारा




जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा

ईशनाथ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

ईशनाथ नगरपालिकाको कार्यालय, औरैया, रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# करैयामाई गाउँपालिकाद्वारा ४५ करोडभन्दा बढीको बजेट पारित

***रूपेश यादव***
***बारा, ०५ असार***

बाराको करैयामाई गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४५ करोड ६८ लाख ४० हजार रुपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ।

शुक्रबार गाउँपालिकाको कार्यालय करैयास्थित सभाहलमा सम्पन्न १९औं गाउँसभा तथा अधिवेशनले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, खानेपानी, सरसफाइ तथा सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्दै बजेट स्वीकृत गरेको हो।

गाउँपालिका अध्यक्ष शम्भु यादवको अध्यक्षतामा सम्पन्न सभामा उपाध्यक्ष सुनैना देवी चौधरीले आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत नीति तथा कार्यक्रममाथि छलफलपछि गाउँसभाले सर्वसम्मत रूपमा पारित गरेको प्रमुख प्रशासकीय




अधिकृत नागेन्द्र यादवले जानकारी दिनुभयो। गाउँपालिकाले स्थानीय तहको समग्र विकास, सेवा प्रवाहमा सुधार तथा जनमुखी योजनाको प्रभावकारी कार्यान्वयनलाई केन्द्रमा राखेर बजेट विनियोजन गरिएको जनाएको छ। गाउँसभामा विभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, सुरक्षाकर्मी, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी तथा स्थानीय भद्रभलादमीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागीहरूले विकास निर्माणका कामलाई पारदर्शी र प्रभावकारी बनाउन सुझावसमेत दिएका थिए।

गाउँसभाले आगामी वर्षका लागि विकास निर्माण र सेवा प्रवाहलाई थप व्यवस्थित बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

# फेटा गाउँपालिकाद्वारा ३९ करोडभन्दा बढीको बजेट सार्वजनिक

बारा, ०५ असार

बाराको फेटा गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३९ करोड १६ लाख ९७ हजार रुपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

शुक्रबार सम्पन्न गाउँसभामा गाउँपालिका अध्यक्ष रुस्तम अन्सारीले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभएको हो। गाउँपालिका उपाध्यक्ष निलम देवी साहले बजेट प्रस्तुतिका लागि अध्यक्ष अन्सारीलाई आग्रह गर्नुभएको थियो।

गाउँपालिकाले शिक्षा सुधार, युवा स्वरोजगार, महिलाका लागि सिपमूलक तालिम, पूर्वाधार विकास, खेलकुद प्रवर्द्धन तथा अधुरा सडक-नाला निर्माणलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम ल्याएको जनाएको छ। प्रस्तुत बजेटमार्फत गाउँपालिकाभित्रका सातै वडामा समतामूलक विकास, गुणस्तरीय सेवा प्रवाह तथा स्थानीय आवश्यकतामा आधारित योजनाहरू कार्यान्वयन गर्ने लक्ष्य लिइएको गाउँपालिकाले जनाएको छ। गाउँसभामा सातै वडाका




वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, कर्मचारी, नेपाल प्रहरीका सुरक्षाकर्मी तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य सुशील साह प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए।

प्रमुख अतिथि साहले समयमै नीति तथा कार्यक्रम तथा बजेट सार्वजनिक गरिएकोमा गाउँपालिका नेतृत्वको प्रशंसा गर्दै प्रभावकारी कार्यान्वयनमार्फत जनताले प्रत्यक्ष अनुभूति गर्ने विकास गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राकेश ओझाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन सुनिल साहले गर्नुभएको थियो। गाउँपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रमले शिक्षा, रोजगारी, महिला सशक्तीकरण, खेलकुद तथा आधारभूत पूर्वाधार विस्तारलाई प्राथमिकता दिँदै "समृद्ध फेटा निर्माण" को दीर्घकालीन लक्ष्य अघि सारेको जनाएको छ।

# पर्सागढी नगरपालिकाद्वारा ५० करोड भन्दा बढीको बजेट पारित

***हरिकोशोर शर्मा***
***पर्सा, ०५ असार***

पर्साको जिराभवानी गाउँपालिकाको १७ औँ गाउँसभाले आर्थिक वर्ष २०८३/०८४ का लागि ४० करोड ८३ लाख रुपैयाँ बराबरको बजेट तथा नीति-कार्यक्रम पारित गरेको छ।

गाउँपालिकाको सभाहलमा सम्पन्न गाउँसभामा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सामाजिक विकासलाई प्राथमिकतामा राख्दै बजेट विनियोजन गरिएको हो।

गाउँपालिकाका अध्यक्ष अनोज चौधरीको अध्यक्षतामा सम्पन्न सभामा उपाध्यक्ष रेखा चौधरी, प्रमुख प्रशासकीय अधिकृत अमित गिरी, वडा अध्यक्षहरू, कार्यपालिका सदस्य, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी तथा स्थानीय सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

प्रस्तुत बजेटअनुसार शिक्षा क्षेत्रका लागि २ करोड, स्वास्थ्यका लागि १ करोड, कृषि विकासका लागि १ करोड ५० लाख, भौतिक पूर्वाधारका लागि ५ करोड तथा सामाजिक क्षेत्र विकासका लागि १ करोड ५० लाख




रुपैयाँ विनियोजन गरिएको छ। त्यसैगरी अध्यक्षस्तरीय योजनाका लागि ६० लाख, उपाध्यक्ष कार्यक्रमका लागि ६० लाख, वडास्तरीय योजनाका लागि वडापिच्छे ६० लाख तथा कार्यपालिकास्तरीय योजनाका लागि २० लाख रुपैयाँ विनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृत अमित गिरीले जानकारी दिनुभयो।

गाउँसभामा अध्यक्ष अनोज चौधरीले शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै जनअपेक्षाअनुसार कार्यक्रम अघि बढाइने बताउनुभयो। उपाध्यक्ष रेखा चौधरीले महिला, बालबालिका, किसान तथा विपन्न वर्गको जीवनस्तर सुधारमा बजेट प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो।

प्रमुख प्रशासकीय अधिकृत गिरीले बजेट कार्यान्वयनमा पारदर्शिता, सुशासन र समयमै योजना सम्पन्न गर्ने प्रतिबद्धता जनाउनुभयो।

गाउँसभाले नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी आवश्यक सुझावसहित सर्वसम्मत रूपमा पारित गरेको गाउँपालिका कार्यालयले जनाएको छ।

# बृन्दावन नगरपालिकाद्वारा ६० करोडभन्दा बढीको बजेट पारित

***रूपेश यादव***
***रौतहट, ०५ असार***

रौतहटको बृन्दावन नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि ६० करोड ९२ लाख २५ हजार ८०१ रुपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ। शुक्रबार सम्पन्न ११औँ नगरसभा तथा अधिवेशनले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास तथा सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्दै बजेट स्वीकृत गरेको हो।

हर्षाहा स्थित बतहु माध्यमिक विद्यालयमा आयोजित नगरसभामा नगर प्रमुख विनोद पटेलको अध्यक्षता रहेको थियो। सभामा उपप्रमुख सङ्गीता रामले आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्यामकिशोर प्रसादका अनुसार प्रस्तुत बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ तथा पूर्वाधार विकासका योजनालाई विशेष प्राथमिकता दिइएको छ। नगरसभाले नीति तथा कार्यक्रममाथि विस्तृत छलफलपछि सर्वसम्मत रूपमा




पारित गरेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले आगामी आर्थिक वर्षका योजना, कार्यक्रम तथा बजेट विनियोजनसम्बन्धी विस्तृत विवरण "वार्षिक नगर विकास योजना रेड बुक" मार्फत सार्वजनिक गरिने जानकारी दिएको छ। साथै संघ, प्रदेश तथा विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थासँग सहकार्य र साझेदारी गर्दै विकास कार्यक्रमलाई परिणाममुखी बनाइने नीति अवलम्बन गरिएको जनाइएको छ।

नगरपालिकाले नागरिकको समृद्धि र दिगो विकासका लागि संघीय तथा प्रदेश सरकारसँगको सहकार्य, विभिन्न क्षेत्रगत निकायको समन्वय तथा नगरवासीको सक्रिय सहभागिता महत्वपूर्ण रहने विश्वास व्यक्त गरेको छ।

नगरसभामा विभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, सुरक्षाकर्मी, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी तथा भद्रभलादमीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले विकास निर्माणका कार्यलाई प्रभावकारी तथा जनसेवा प्रवाहलाई अझ नागरिकमैत्री बनाउन सुझावसमेत दिएका थिए।

# वीरगंज मेनरोडमा पुनः डोजर चल्ने, आइतबारदेखि बाँकी संरचना हटाइने

***वीरगंज, ०५ असार***

वीरगंज स्थित त्रिभुवन राजमार्गअन्तर्गत मेनरोड क्षेत्रमा सडक सीमा भित्र रहेका बाँकी संरचना हटाउन आइतबारदेखि पुनः डोजर परिचालन गरिने भएको छ। सडक डिभिजन कार्यालय हेटौंडाले वीरगंज महानगरपालिकालाई पत्राचार गर्दै सडक विस्तार अभियानको दोस्रो चरण अघि बढाउन आवश्यक सहयोग मागेको हो। सडक डिभिजन कार्यालयका प्रमुख किरण कार्कीले पठाएको पत्रअनुसार सडकको केन्द्र रेखाबाट दायाँ-बायाँ २५-२५ मिटर क्षेत्रभित्र पर्ने घर, टहरा तथा अन्य संरचना हटाउने कार्य २०८३ असार ७ गतेदेखि पुनः सुरु गरिनेछ।

यसअघि असार २ गते जारी सूचनामार्फत सडक डिभिजनले पाँच दिनभित्र स्वेच्छिक रूपमा संरचना हटाउन घरधनीहरूलाई आग्रह गरेको थियो। तर अधिकांश घर तथा संरचना




अझै हटाइएको छैन।

गत वैशाख ६ र ७ गते पहिलो चरणमा गण्डक चोकदेखि मितेरी पुलसम्मको मेनरोड क्षेत्रमा करिब १ हजार २०० घर तथा भवनमा डोजर चलाइएको थियो। त्यसयता केही घरधनीहरूले आफ्नै पहलमा संरचना हटाए पनि घण्टाघर, माईस्थान, आदर्शनगर हुँदै अलखियामठ चोकसम्मका धेरै संरचना अझै बाँकी रहेका छन्।

सडक विस्तारको विरोधमा स्थानीय घरधनीहरू भने निरन्तर आन्दोलनमा उत्रिएका छन्। उनीहरूले मेनरोडलाई "शहरी मार्ग" घोषणा गर्नुपर्ने तथा हालको सडक विस्तार कार्य रोक्नुपर्ने माग राख्दै आएका छन्।

यता सडक डिभिजन कार्यालयले भने सडक ऐन, २०३१ अनुसार सडक सीमाभित्रका संरचना हटाउनु कानुनी दायित्व भएको स्पष्ट पारेको छ।

आइतबारदेखि पुनः सुरु हुने डोजर अभियानसँगै वीरगञ्जको मुख्य बजार क्षेत्रमा फेरि तनावपूर्ण अवस्था सिर्जना हुन सक्ने अनुमान गरिएको छ।

जनहितमा जारी सन्देश
- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं नगराऔं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- जथाभावी फोहोर नगरौं।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं।
फतुवा विजयपुर नगरपालिका, लक्ष्मिनिया (दो.) रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - फेटा गाउँपालिका, बारा